नेपाल सरकार
गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
कावासोती

☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com
daonawalpur2074@gmail.com

पत्र संख्या : ०७८/७९
च.नं.: ३५९३

मिति : २०७८/११/२९

**विषय: निर्णय पठाईएको सम्बन्धमा।**

श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय,
सिंहदरबार, काठमाण्डौं।

श्री गृह मन्त्रालय
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा),
सिंहदरबार, काठमाण्डौं।
जिल्ला स्थित राष्ट्रिय मान्यता प्राप्त राजनीतिक दलहरु,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व )

मिति २०७८/११/२९ मा यस जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा जिल्ला स्थित राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुखहरुसँगको समन्वय बैठकको निर्णय पाना २ (दुई) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा अनुरोध छ।

२०७८/११/२३

(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी
सहायक प्रमुख जिल्ला अधिकारी

**बोधार्थ :**

श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा।
श्री आन्तरिक मामिला मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा।
श्री जिल्ला स्थित सरकारी कार्यालय सबै
नवलपरासी (बर्दघाट सुस्ता पूर्व )
श्री जिल्ला स्थित संचार माध्यमहरु सबै,
नवलपरासी (बर्दघाट सुस्ता पूर्व )

मिति २०७८ फाल्गुण २९ मा जिल्ला स्थित राष्ट्रिय मान्यता प्राप्त दलका प्रमुखहरुसँगको समन्वय बैठक नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा बसी निम्न उपस्थितीमा तपसिल बमोजिमको निर्णय गरियो ।

१. प्र.जि.अ. श्री सुमन घिमिरे, जिल्ला प्रशासन कार्यालय

२. श्री भिम लाल अधिकारी, नेपाल कम्यनिष्ट पार्टी (एमाले) cpnumlnawalpur@gmail.com bhimlal2015@gmail.com

३. श्री महेन्द्र प्रसाद पोख्रेल, नेपाली कांग्रेस

४. श्री शालिकराम अधिकारी, नेपाल कम्युनिष्ट पार्टी (एकिकृत समाजवादी)

५. श्री लोक प्रसाद भुर्तेल, नेपाल कम्युनिष्ट पार्टी (माओबादी केन्द्र)

६. स.प्र.जि.अ. श्री चित्राङ्गत बराल, जिल्ला प्रशासन कार्यालय

७. प्र.उ. श्री प्रज्वल महर्जन,, जिल्ला प्रहरी कार्यालय

८. स. प्र.ना. उ. श्री बिरभद्र नाथ, स. प्र. वल नेपाल, नं.३१ गुल्म हे.क्वा.

९. श्री ओजराज दाहाल - नेकपा (एमाले)

**निर्णय नं. १**

गृह मन्त्रालय (शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाख) को च.नं. १९२९ मिति २०७८।११।२६ को पत्रसाथ प्राप्त निर्वाचन आयोगको च.नं. ५४६ मिति २०७८।११।१६ को पत्रबाट प्राप्त निर्देशन बैठकमा जानकारी गराई छलफल भयो। सम्वत् २०७९ साल बैशाख ३० शुक्रवार एकै चरणमा स्थानीय तह निर्वाचन, २०७९ स्वच्छ, स्वतन्त्र, निष्पक्ष, भयमुक्त, विश्वासनीय र मितव्ययी रुपमा सम्पन्न गर्न राजनीतिक दलका निर्वाचन प्रचार प्रसार र गतिविधि निम्न अनुसार गर्ने गराउने :-

क) स्थानीय तह निर्वाचनका लागि खटिने मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका कार्यालयबाट सम्पादन हुने काम कारवाहीलाई सहयोग गर्ने गराउने।

ख) निर्वाचनको प्रचार प्रसार गर्ने घरदैलो कार्यक्रम साथै आम सभा कार्यक्रम गर्दा दलहरु बीच समन्वय गर्ने गराउने।

ग) कोभिड-१९ संक्रमणको जोखिम कायम नै रहेको हुँदा निर्वाचन प्रचार प्रसार, आमसभा, घरदैलो लगायतका कार्यक्रम सञ्चालन गर्दा स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने गराउने।

घ) निर्वाचन आयोगबाट जारी हुने निर्वाचन आचार संहिताको पूर्ण रुपमा पालना गर्ने गराउने।

ङ) निर्वाचन गतिविधि शान्तिपूर्ण र मर्यादित रुपमा संचालन गर्न आवश्यक वातावरण तयार गर्ने गराउने।

राजनीतिक दलका प्रचार प्रसारका कार्यक्रम सञ्चालन मध्ये आमसभा र र्‍यालीको जानकारी अग्रिम रुपमा स्थानीय प्रशासनलाई दिने।